**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०९ अक्तूबर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१) पाँच राज्यहरू राजस्थान, मध्यप्रदेश ,तेलंगाना, छत्तीसगढ़ र मिजोराम विधानसभा चुनावको तारिखको घोषणा।

२) सिक्किमको भीषण त्रासदीको मध्यनजर मुख्य मंत्री प्रेमसिह तामंगले आज उच्च स्तरीय बैठक गर्नुभएको छ।

३) भारतीय वायु सेनाले उत्तर सिक्किममा फँसेका ३५४ पर्यटकहरूलाई उद्धार गरेको छ।

४) पश्चिम बंगाल चर्चित नगरपालिका नियुक्ति भ्रष्टाचार मामिलामा सीबीआई ले आज पनि टिएमसी नेताहरूको ठेगानमा छापामारी गऱ्यो।

५) हमासले इजरायल माथि गरेको हमलमा ११०० भन्दा बढ़ीको ज्यान गएको छ, लड़ाई जारी छ।

६) २०२३ को अर्थशास्त्रको नोबेल पुरस्कार हावर्ड विश्वविध्यालयका प्रोफेसर क्लाडिया गोल्डेनलाई प्रदान गरिनेछ।

**चुनाव मिति- निर्वाचन आयोग-**

भारतीय चुनाव आयोगले राजस्थान, मध्य प्रदेश, तेलंगाना, छत्तीसगढ र मिजोरम गरी पाँच राज्यमा विधानसभा चुनावको मिति घोषणा गरेको छ। छत्तीसगढमा पहिलो चरणको मतदान ७ नोभेम्बर र दोस्रो चरणको मतदान १७ नोभेम्बरमा हुनेछ। मिजोरममा ७ नोभेम्बरमा एउटै चरणमा मतदान हुनेछ। मध्य प्रदेशमा १७ नोभेम्बर, राजस्थानमा २३ नोभेम्बर र तेलंगानामा ३० नोभेम्बरमा एउटै चरणमा मतदान हुनेछ। पाँच राज्यको मतगणना ३ दिसम्बरमा सम्पन्न हुनेछ। नयाँ दिल्लीमा मुख्य चुनाव आयुक्त राजीव कुमारले भनुभयो, 'यी पाँच राज्यहरूमा विधानसभा चुनावको विशेष महत्त्व छ, किनभने यो २०२४ को आम चुनाव अघि हुने अन्तिम विधानसभा चुनाव हुनेछस' उहाँले चुनाव आयोगले यी पाँच राज्यमा स्वच्छ र अनियमिततारहित चुनाव गराउने आश्वासन दिनुभयो। उहाँले स्वस्थ, त्रुटिरहित र समावेशी मतदाता नामावली बनाउन चुनाव आयोगले विशेष जोड दिएको बताउनुभयो। पाँच राज्यहरूमा कुल ६७९ विधानसभा सीटहरू छन् भने १६ करोड मतदाता छन। यस चुनावमा लगभग साठ्ठी लाख मतदाताले पहिलो पटक आफ्नो मताधिकार प्रयोग गर्नेछन। चुनाव आयोगले पाँचवटै राज्यको भ्रमण गरी मुख्य चुनाव अधिकारीहरू, जिल्ला र राज्य प्रशासनहरू तथा केन्द्र र राज्यका प्रवर्तन एजेन्सीहरूसँग विस्तृत समीक्षा बैठकहरू गर्यो। यी राज्यहरूमा १७ हजार ७ सय ३४ आदर्श मतदान केन्द्र बनाइनेछ। छह सय एक्काइस मतदान केन्द्रको काम शारीरिक रूपले सक्षम दिव्यांग व्यक्तिहरूले गर्नेछन। सबै मतदान केन्द्रमा न्यूनतम सुविधा उपलब्ध गराउने आश्वासन दिइएको छ। मुख्य चुनाव आयुक्तले मध्य प्रदेशमा आरक्षित वन क्षेत्र र अभयारण्यहरूमा आदिवासी मतदाताहरूका लागि मतदान केन्द्रहरू

**पेज चुनाव मिति- निर्वाचन आयोग**

स्थापना गरिने बताउनुभयो। सी-भिजिल एप मार्फत कुनै पनि नागरिकले चुनावसम्बन्धी कुनै पनि अनियमितता चुनाव आयोग समक्ष रिपोर्ट गर्नसक्ने पनि बताइएको छ। प्रत्येक उजुरी सय मिनट भित्रमा कारबाही गरिनेछ। सीमा पारबाट नगद,

मदिरा, निरूशुल्क वितरण र लागूपदार्थको ओसारपसारलाई रोक्न पाँच राज्यहरूमा नौ सय चालीस भन्दा बढी अन्तर-राज्य जाँच चौकीहरू पनि बनाइनेछ।

****** ० ******

**डा. मनसुख माण्डभिया-**

विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा मंगलवार केन्द्रीय स्वास्थ्य मन्त्री डाक्टर मनसुख माण्डभियाले टेली-मानसको लोगो शुभारम्भ गर्नुहुनेछस यसका साथै नेशनल इन्स्टीट्यूट अफ् मेन्टल हेल्थ एण्ड न्यूरो साइन्समा नयाँ सुविधाहरूको उद्घाटन पनि गर्नुहुनेछ। डीआरडीओ सभागृहमा आयोजना भइरेको यस कार्यक्रममा केन्द्रीय स्वास्थ्य मन्त्रीले प्लेटिनम जुबली अडिटोरियम, शैक्षणिक सुविधा, निम्हंसमा नयाँ प्रशासनिक कार्यालय परिसर, मस्तिष्क केन्द्रको पनि उद्घाटन गर्नेछन। यस अवसरमा डा. मनसुख माण्डभियाले टेली-मानस सेवामा सर्वश्रेष्ठ प्रदर्शन गर्ने राज्यहरूलाई सम्मान जनाउनुहुनेछ।टेली मेन्टल हेल्थ असिस्टेन्स एण्ड नेटवर्किंग एक्रोस स्टेट्स (टेली-मानस) एउटा हेल्पलाइन सेवा हो, जसको माध्यमबाट केन्द्र सरकारले समग्र देशभरि सबैका लागि गुणस्तरीय मानसिक स्वास्थ्य सेवा उपलब्ध गराइरहेको छ। यो टेली-मानस हेल्पलाइन अक्टोबर २०२२ मा शुरु भएको थियो भने अहिलेसम्ममा यसमा लाखौं फोन कल प्राप्त गरिसकिएको छ। यसको उद्देश्य देशका सबैभन्दा सुदूरवर्ती क्षेत्रहरूमा पनि मानसिक स्वास्थ्य हेरचाह सेवालाई चौबीसै घण्टा उपलब्ध गराउनु थियो। यो सेवा सबै मानिसहरूका लागि टोल फ्री नम्बर १४४१६११८००-८६-१४४१६ -को माध्यमबाट निःशुल्क उपलब्ध छ।

****** ० ******

**सिक्किम- मुख्यमन्त्री**

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ्ले आज सिरवानीको बाढी प्रभावित क्षेत्रको भ्रमण गर्नुभयो। बाढीले राज्यको पूर्वी, उत्तरी र दक्षिणी क्षेत्रका लागि महत्वपूर्ण सम्पर्क मार्ग सिरवानी पुल बगाएको छ। मुख्यमन्त्री प्रेमसिंह तामाङ्ले पुलको पुनर्निर्माणको कामलाई तीव्रता दिनुपर्नेमा जोड दिनुभयो। उहाँले यातायात सुचारुको कामलाई तिब्रता दिन सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ। एनएचपीसी टिस्टादृ६ बाँधलाई क्षति पुर्याएको छ।

****** ० ******

**गोलेको अपील**

सिक्किमका मुख्यमंत्री प्रेमसिंह तामंगजले बादल फाटेपछि लोनाक लेक फूटेर चुंगथुंग बाँध भत्केर आएको भीष्ण त्रासदीमा टिस्टाको जलस्तर जहाँ सम्म पुगेको छ त्यस क्षेत्रमा घरहरू नबनाउने मानिसहरूसित अपील गर्नुभएको छ। उहाँले भविष्यमा यस्तो त्रासदीले व्यापक क्षयक्षति नहोस त्यो उद्देश्यले यो कुरा भन्नु भएको हो। सो बाढ़ीले क्षतिग्रस्त इलकाहरूको भ्रमणको बेला मानिसहरूसितको कुराकानीमा उहाँले सो अपील गर्नुभयो। उहाँले पीड़ितहरूलाई सरकारले हर संभव मदद दिइने र धरहरू बनाईदिने आश्वासन पनि दिनुभयो।

****** ० ******

## लाचुङबाट ३५४ पर्यटक–

भारतीय वायु सेनाको एमआई–१७ र चिनूक हेलिकप्टरले आज १३ जना बंगलादेशी पर्यटकसहित कुल ३५४ पर्यटक सकुशल उद्धार गरेको छ। सबै पर्यटकहरूलाई उत्तर सिक्किमको लाचुङबाट उद्धार गरिएको हो।समाचारअनुसार, एमआई–१७ र चिनूक हेलिकप्टरले लाचुङबाट ३५४ जना पर्यटकहरू उद्धार गरेर पाकिमको ग्रीनफिल्ड हवाइअड्डामा सकुशल उतारेको छ। यसमा १३ जना बांग्लादेशी पर्यटक पनि सामेल छन्। एमआई १७ र चिनूकले आज कुल १० चक्कर लगाएको बताइएको छ। उत्तर सिक्किममा फसेका पर्यटकहरू र सर्वसाधारणहरूको भोलि बिहानदेखि फेरि उद्धार अभियान चलाइने बताइएको छ।

****** ० ******

## बंगाल राज्यपाल टिस्टापीड़ित

पश्चिम बंगालका राजयपाल ड़ा. सी.बी आनन्द बोसले हालको भीषण प्राकृतिक त्रासदीले गर्दा ध्वस्त टिस्टा बजारका पीड़ितहरूसित भेट गर्नु भएको छ। उहाँले घटनाको जानकारी लिन्दै पीड़ितहरूको दुःख र गुनासोलाई धैंयतापूर्वक सुन्नुभयो। पीड़ित मानिसहयले पूर्ण रूपले ध्वस्त भएका र रहनै नसक्ने स्थितिमा पुगेका घरहरूलाई सरकारले निमार्ण गरी दिने निवेदन गरे। जवाफमा श्री बोसले हर संभव मदद गर्ने र भत्केका घरहरूलाई फेरी बनाइ दिने आश्वासन दिनुभयो। कालेबुङ जिल्लाको रम्फू क्षेत्रदेखि बाघपूल सम्म कैंयन स्थानमा राष्ट्रिय राजमार्ग पूर्ण रूपले सो त्रासदीको जल प्रवाहले बगाएर लगेकोछ।सीमा सड़क संगठन , जलविध्ययुत परियोजना तथा अन्य एजेन्सीहरूले राजमर्गको पूनः निमार्ण र ध्वस्त भएका सड़कको मरमति काम युद्ध स्तरमा चलाई राखेको छ।

****** ० ******

## जीटीए विद्यार्थीहरूलाई गाड़ी–

टिस्टा बाढीले प्रभावित बनेका विद्यार्थीहरूलाई आजदेखि जीटीएको सहयोगमा विद्यालयमा पठाउन शुरु गरिएको छ। विशेष गरी कालेबुङ शहरमा पढ्ने विद्यार्थीहरूका लागि जीटीएले गाडीको व्यवस्था गरेको छ। उक्त कार्यमा आज बिहानदेखि जीटीएका मुख्य ,कार्यपाल अनित थापा आफै सक्रिय रहनुभयो। उहाँले कालेबुङ पढ्न जाने विद्यार्थीहरूलाई गाड़ीमा पठाउनुभएको छ।यसबारेमा श्री अनित थापाले भभन्नुभयो, ‘आपदाले विनाश मात्र होइन व्यक्तिको व्यक्तित्वमाथि पनि ठूलो प्रभाव पार्छ। नानीहरू यस्ता आपदाको शिकार हुन्छन्। कुनै पनि नानीको शिक्षा टुट्नु हुँदैनस’ नानीहरूलाई केन्द्र गरेर चाहिने बुनियादी सामानहरू उपलब्ध गराउन थालेको उहाँले बताउनुभयो। उहाँले आज बिहान तीनवटा गाडीमा चढाएर विद्यार्थीहरूलाई विद्यालय पठाएको जानकारी दिनुभयो।

****** ० ******

## बंगाल–सीबीआई छापामारी

पश्चिम बंगालको बहुचर्चित नगरपालिका नियुक्ति भ्रष्टाचार मामिलामा अहिलेसम्म सत्तारूढ़ दल तृणमूल कांग्रेसका नेताहरूको घरमा सीबीआईको टीमले छापा मारिरहेको छ। आज नदियाको राणाघाटका भारतीय जनता पार्टीका विधायक पार्थ सारथी च्याटर्जीको घरमा पनि छापा मरेको छ। विधायक पार्थ सारथी च्याटर्जी राणाघाट नगरपालिकाका पूर्व अध्यक्ष पनि हुन्। यस मामिलामा कुनै भाजपा नेताको घरमा पहिलोपल्ट सीबीआईले छापा मारेको छ। उल्लेखनीय छ, एक दिनअघि हिजो

मात्र पश्चिम बंगालका मन्त्री तथा कोलकाताका मेयर फिरहाद हकीम, तृणमूल कांग्रेसका विधायक र पूर्व मन्त्री मदन मित्रको घरसहित बाह्र वटा ठाउँमा सीबीआईले खोजी अभियान चलाएको थियो।

****** ० ******

**इजरायल हमास**

इजरायल र हमासबीच जारी द्वन्द्वमा मृत्यु हुनेको संख्या एघार सयभन्दा बढी पुगेको छ भने गाजा पट्टीमा एक लाख तेइस हजार भन्दा बढी मानिसहरू विस्थापित भएका छन्। इजरायललाई सहयोग गर्न अमेरिकाले त्यहाँ युद्धपोत र लडाकु विमानहरू तैनाथ गरेको छ। शनिबार हमासले इजरायलमा रकेट आक्रमण गर्यो भने हमासका लडाकुहरूले धेरै इजरायली नागरिकहरूलाई मारेर कतिपयलाई बन्धक बनाएका छन्। इजरायलले गाजामा जवाबी हवाई हमला गर्यो। त्यसयता द्वन्द्व बढ्दै गएको छ। इजरायली सेनाले गाजा पट्टीका पाँच सयभन्दा बढी स्थानलाई निशाना बनाएको जनाएको छ। यसले सुरक्षा बाधासँग जोडिएका धेरैजसो घुसपैठ स्थलहरूमा आफ्नो नियन्त्रण पुनः प्राप्त गरेको बताएको छ।हमासको अचानक हमलापछि अमेरिकाले इजरायललाई दह्रो समर्थन जनाउँदै अन्य पक्षहरूलाई यस द्वन्द्वबाट टाढा रहन चेतावनी दिएको छ। अमेरिकाले यस आक्रमणमा आफ्ना नागरिक पनि मारिएको र बन्धक बनाएको समाचारको सत्यताबारे जाँच गरिरहेको छ। राष्ट्रपति जो बाइडेनले इजरायललाई सैन्य सहायता पठाउनुभयो, अनि अमेरिकी जहाज र युद्ध विमानहरूलाई इजरायल पुर्याउन आदेश दिनुभयो। अमेरिकी रक्षा विभागले विमानवाहक युएसएस जेराल्ड आर फोर्डलाई तैनाथ गर्ने बताएको छ। संयुक्त राष्ट्रसंघले आज ७३ हजारभन्दा बढी मानिसहरूले विद्यालयमा आश्रय लिएको जनाएको छ। युद्ध अन्य क्षेत्रमा पनि फैलिएको छ।

****** ० ******

**नोबेल अर्थशास्त्र**

अर्थशास्त्रका निम्ति २०२३ को नोबेल पुरस्कार हार्वड युनिर्वसिटीका प्रोफेसर क्लाउडिया गोल्डिनलाई प्रदान गरिनेछ। रायल स्वीडिश एकाडेमी अफ साइन्सेस Royal sweedesh Academy of Sceinces ले आज यसको घोषणा गरेको छ। आर्थिक विज्ञानमा नोबेल मेमोरियल पुरस्कारलाई स्वेरिजेस रिक्स बैंक पुरस्कारको रूपमा जानिन्छ।अहिलेसम्म केवल दुई महिला एलिनोर ओस्ट्रोम र एस्थर डफ्लो लाई आर्थिक विज्ञानमा असाधारण योगदानका लागि नोबेल पुरस्कारद्वारा सम्मानित गरिएको छ। गोल्डिन यो सम्मान पाउने तेस्रो महिला हुनेछिनू।

****** ० ******

**सहयोग- आरबीआई**

भारतीय रिजर्भ ब्यांकले शहरी सहकारी ब्यांकहरूको लागि बुलेट पुनर्भुक्तान योजनाअन्तर्गत स्वर्ण ऋणको मौद्रिक सीमा दुई लाख रुपियाँबाट बढाएर चार लाख रुपियाँ पुर्याएको छ। यसबाट शहरी सहकारी ब्यांकहरूले भोग्नुपरेका कठिनाइहरू हटाउन र पहिचान गरिएका प्राथमिकताका क्षेत्रमा ऋण लक्ष्य पूरा गर्न सहयोग पुग्ने केन्द्रीय सहकारिता मन्त्रालयले जनाएको छ। सहकारीलाई सुदृढ गर्न र अन्य आर्थिक संस्थालाई लाभग्राही साथै सहभागीको रूपमा समान व्यवहार गर्न सरकार प्रतिबद्ध रहेको बताइएको छ।

****** ० ******

**बंगाल मौसम**

कोलकतालगायत राज्यका अन्य क्षेत्रहरूमा वर्षा थामिनसाथ तापक्रममा वद्धि हुने क्रम शुरू भएको छ। अलीपुर स्थित मौसम विभागको क्षेत्रीय मुख्यालयको तर्फबाट हिजो जारी गरिएको बयानअनुसार, कोलकातामा गएको २४ घण्टामा पानी परेको छैन, जसले गर्दा तापक्रममा वृदधि हुनु शुरू भएको छ। कोलकातामा न्यूनतम तापक्रम अट्ठाइस दशमलब दुई डिग्री सेल्सियस रेकर्ड गरिएको छ, जुन सामान्यभन्दा तीन डिग्री धेरै छ, जबकि अधिकतम तापक्रम पनि तेत्तीस दशमलब एक डिग्री सेल्सियस पुगेको छ। हावड़ा, हुगली, पूर्व र पश्चिम मेदिनीपुर, पुरूलिया, बांकुड़ा, उत्तर र दक्षिण २४ परगनामा पनि पानी पर्ने क्रम रोकिएको छ। यसकारण तापक्रममा वृद्धिको क्रम शुरू भएको छ। यद्यपि, उत्तर बंगालको अलीपुरद्वार, कोचबिहार, जलपाइगढ़ी, दार्जीलिङ र कालेबुङमा हल्का पानी परिरहेको छ। यहाँ टिस्टा नदीको जलस्तर बढ़ेको कारण पहिलेदेखि नै बाढ़ जस्तो स्थिति बनेको छ।

****** ० ******

**सिक्किमका मुख्यमन्त्रीको बैठक**

सिक्किमका

****** ० ० ******

**चुङथाङ**

उत्तर सिक्किमको

****** ० ******

**निखोज**

गत ४ अक्टोबर

****** ० ******